# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः राष्ट्रपतिको कार्यालय, शीतल निवास, महाराजगञ्ज ।

सूचना सार्वजनिक गरेको अवधिः वि.सं. २०७६ साल कार्तिक देखि २०७६ पुस मसान्त सम्म ।

**१. राष्ट्रपतिको कार्यालयको स्वरुप र प्रकृति :**

नेपालको संविधानको भाग ६ धारा ६१ बमोजिम नेपालमा राष्ट्रप्रमुखको रुपमा राष्ट्रपतिको व्यवस्था गरेको र धारा ७३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय रहने व्यवस्था छ । सम्माननीय राष्ट्रपतिको प्रशासनिक सचिवालयको रुपमा स्थापित यस कार्यालयले सम्माननीय राष्ट्रपतिज्यूसँग सम्वन्धित विभिन्न कार्यक्रमहरु र समारोहको प्रशासनिक समन्वय, व्यवस्थापन तथा सचिवालयको कार्य सञ्चालन गर्नेगर्दछ ।

**२. राष्ट्रपतिको कार्यालयका कामहरु :**

- सम्माननीय प्रधानमन्त्री, सम्माननीय प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपप्रधानमन्त्री, माननीय प्रदेश प्रमुख, माननीय मन्त्री, प्रधान सेनापति, नेपाली राजदुत समेतको नियुक्ति र शपथग्रहण गराउने सम्बन्धी कार्य,
- सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख तथा अन्य सदस्यहरु, महान्यायाधिवक्ता, संघीय संसदको महासचिव, प्रतिनिधि सभाको सचिव, राष्ट्रिय सभाको सचिव तथा नेपाली राजदूतको नियुक्ति गर्ने सम्बन्धी कार्य,
- संघीय संसदको बैठक आव्हान र अन्त्य गर्ने तथा संघीय संसदमा सरकारको नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धी कार्य,
- प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने सम्बन्धी कार्य,
- संवैधानिक निकायहरुको बार्षिक प्रतिवेदन ग्रहण सम्बन्धी कार्य,
- विधेयक तथा अध्यादेश प्रमाणीकरण सम्बन्धी कार्य,
- सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्य,
- उपाधि, सम्मान र विभूषण प्रदान सम्बन्धी कार्यक्रम व्यवस्थापन कार्य,
- विदेशी राजदूतहरुको लागि सहमति (एग्रीमो) प्रदान सम्बन्धी कार्य,
- विदेशी राजदूतहरुको ओहदाको प्रमाणपत्र ग्रहण गर्ने सम्वन्धी कार्यक्रम व्यवस्थापन कार्य,
- संकटकालीन अवस्थाको घोषणा सम्बन्धी कार्य,
- नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य,
- बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने सम्बन्धी कार्य,

- सम्माननीय राष्ट्रपतिज्यूबाट हुने सम्बोधन सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिज्यूबाट हुने शुभकामना सन्देश तयारी सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिज्यूको स्वदेशी तथा विदेशी ब्यक्तित्वहरुसँग भेटघाटको व्यवस्थापन सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिज्यूलाई वा राष्ट्रपति कार्यालयलाई सम्बोधन गरी प्राप्त पत्र, निवेदन पत्र वा ज्ञापन पत्र व्यवस्थापन सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिज्यूको स्वदेशभित्रको भ्रमण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धी कार्य,
- संविधान तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यहरु ।

**३. राष्ट्रपतिको कार्यालयमा रहेको कर्मचारी दरवन्दी सङ्ख्या र कार्यविवरण :**

| क.स | पद | श्रेणी/तह | सेवा | समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | नेपाल प्रशासन | | १ | |
| २ | सहसचिव | रा.प. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| ३ | सहसचिव | रा.प. प्रथम | न्याय | कानुन | १ | |
| ४ | सहसचिव | रा.प. प्रथम | स्वास्थ्य सेवा | (फिजिसियन) | १ | (सेवा करार) |
| ५ | उपसचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| ६ | उपसचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | प्रशासन लेखा | १ | |
| ७ | उपसचिव | रा.प. द्वितीय | नेपाल न्याय | कानुन | १ | |
| ८ | उपसचिव | रा.प. द्वितीय | परराष्ट्र | | १ | |
| ९ | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | | ६ | |
| १० | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | | १ | |
| ११ | इन्जिनियर | रा.प. तृतीय | इन्जिनिरिङ | | १ | |
| १२ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | १ | |
| १३ | ना.सु. | राजपत्रअनंकित प्रथम | नेपाल प्रशासन | | ५ | |
| १४ | लेखापाल | राजपत्रअनंकित प्रथम | नेपाल प्रशासन | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | कम्प्युटर अपरेटर | राजपत्रअनंकित प्रथम | नेपाल विविध | | २ | |
| १६ | पुस्तकालय सहायक | राजपत्रअनंकित प्रथम | नेपाल शिक्षा, | पुस्तकालय बिज्ञान | १ | |
| १७ | नायब माइक अपरेटर | राजपत्रअनंकित द्वितीय | | | १ | (सेवा करार) |
| १८ | खरिदार | राजपत्रअनंकित द्वितीय | नेपाल प्रशासन | | ४ | |
| १९ | स कम्प्युटर अपरेटर | राजपत्रअनंकित द्वितीय | | | ३ | |
| २० | इलेक्ट्रिसियन | राजपत्रअनंकित द्वितीय | | | १ | |
| २१ | सहायक फोटोग्राफर | राजपत्रअनंकित द्वितीय | | | १ | |
| २२ | प्लम्बर | | | | १ | सेवाकरार |
| २३ | ह.स.चा. | | | | १७ | (१५ सेवा करार) |
| २४ | कार्यालय सहयोगी | | | | १० | ८ सेवाकरार |

राष्ट्रपति कार्यालयमा स्वीकृत दरबन्दी ६८ जना रहेका छन । यस कार्यालयमा जम्मा ४ वटा महाशाखाहरू छन् । ती महाशाखाको कार्यविवरण निम्न बमोजिम रहेको छ ।

**क. व्यवस्थापन महाशाखा** :

राष्ट्रपतिको कार्यालयका कामहरुको आर्थिक, प्रशासनिक र अन्य व्यवस्थापकीय कार्यहरु यस महाशाखाले गर्दछ ।

**ख. कानून महाशाखा** :

राष्ट्रपतिको कार्यालयका कामहरुको संवैधानिक एवम् कानूनी पक्ष समेटिएका कार्यहरु यस महाशाखाले गर्दछ ।

**ग. अन्तर्राष्ट्रिय सम्बन्ध तथा सूचना समन्वय महाशाखा** :

राष्ट्रपतिको कार्यालयका कामहरु मध्ये अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी कार्यहरु र सूचना समन्वय सम्बन्धी कार्यहरु यस महाशाखाले गर्दछ ।

**घ. राष्ट्रपतिको निजी सचिवालय महाशाखा** :

माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामहरु मध्ये सम्माननीय राष्ट्रपतिज्यूको कार्यक्रम व्यवस्थापन गर्ने एवं निजी सचिवालय सम्बन्धी कार्यहरु यस महाशाखाले गर्दछ ।

**ङ. राष्ट्रपतिको विज्ञ टिम** **५ जना**

| **पद** | **सख्या** |
|---|---|
| विज्ञ (मानवअधिकार तथा कानुन) | १ जना |
| विज्ञ (राजनितिक तथा ,सामाजिक) | १ जना |
| विज्ञ(भाषा, तथा संस्कृति) | १ जना |
| विज्ञ (सुरक्षा तथा वातावरण) | १ जना |
| विज्ञ (महिला,वालवालिका तथा समाजकल्याण ) | १ जना |

**च. राष्ट्रपतिको स्वकीय सचिवालय टिम** **३१ जना**

| **पद** | **सख्या** |
|---|---|
| प्रमुख स्वकीय सचिव | १ जना |
| संचार सचिव | १ जना |
| स्वकीय सहसचिव | ३ जना |
| स्वकीय उपसचिव | २ जना |
| स्वकीय शाखा अधिकृत | ६ जना |
| स्टाफ नर्स | २ जना |
| स्वकीय कम्प्युटर सहायक | २ जना |
| स्वकीय फोटोग्राफर | १ जना |
| स्वकीय टेलिफोन अपरेटर | २ जना |
| स्वकीय कार्यालय सहयोगी | ७ जना |
| स्वकीय सवारी चालक | ४ जना |

**४. राष्ट्रपतिको कार्यालयबाट प्रदान गरिने सेवा :** माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामका माध्यमबाट सेवा प्रदान गरिन्छ ।

**५. राष्ट्रपतिको कार्यालयमा रहेका महाशाखा, शाखा र जिम्मेवार अधिकारी:** ४ वटा महाशाखा र ६ वटा शाखाहरु रहेका छन् । ती शाखाहरुको जिम्मेवारी देहाय बमोजिम कर्मचारीहरुले सम्हाल्ने गरी जिम्मेवारी दिई कार्यसञ्चालन गरिएको छ ।

| क्र.स. | नामथर | पद | जिम्मेवार शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | श्री हरिप्रसाद दाहाल | सहसचिव | अन्तर्राष्ट्रिय सम्बन्ध तथा सूचना समन्वय महाशाखा | ९८५४०३०९९० |
| २. | श्री हरिप्रसाद दाहाल | सहसचिव | निजी सचिवालय महाशाखा | ९८५४०३०९९० |
| ३. | श्री यज्ञ प्रसाद भट्टराई | सहसचिव | कानून महाशाखा | ९८४१३७७३१९ |
| ४. | श्री सनत कुमार दुवाडी | सहसचिव | व्यवस्थापन महाशाखा | ९८४१३४८८१९ |
| ५. | श्री प्रल्हादप्रसाद पुडासैनी | उपसचिव | निजी सचिवालय शाखा | ९८४१४०५४७५ |
| ६. | श्री प्रल्हादप्रसाद पुडासैनी | उपसचिव | सूचना समन्वय शाखा | ९८४१४०५४७५ |
| ७. | श्री केशव प्रसाद घिमिरे | उपसचिव | प्रशासन शाखा | ९८४१४४०९८३ |
| ८. | श्री उदयराज भट्टराई | उपसचिव | आर्थिक प्रशासन शाखा | ९८४००६०००३ |
| ९. | श्री सुरेन्द्र यादव | उपसचिव | अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ९८४१५७७२९२ |
| १० | श्री पूर्णिमा कोइराला | उपसचिव | कानून शाखा | ९८४९०४०८६९ |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि** : यस कार्यालयबाट प्रदान हुने सेवाको लागि दस्तुर लाग्दैन । सरोकारवालासँगको आपसी सहमतिमा तय भएको समयावधिमा सेवाप्रवाह वा कार्यसम्पादन हुने गर्दछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार** : आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्बन्धित महाशाखाबाट पेश हुने टिप्पणीमा सचिवस्तरबाट निर्णय हुन्छ । नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पठाउनुपर्ने विषयमा यस कार्यालयको अनुरोधमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा मन्त्रिपरिषद्मा पेश भई त्यहाँबाट निर्णय गरिने व्यवस्था रहेको छ । साथै संविधान तथा कानून बमोजिम राष्ट्रपतिले सम्पादन गर्ने कार्यको सम्बन्धमा संविधान र सम्बन्धित कानूनमा तोकिए बमोजिम हुने गर्दछ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी** : नियमित सेवा प्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नबुझे सोको सुनुवाई सचिववाट हुने ।

**९. सम्पादन गरेको कामको विवरण** : यस कार्यालयबाट यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कामहरु देहाय बमोजिम उल्लेख गरिएको छ :-

| | |
|---|---|
| सम्माननीय राष्ट्रपति सरिक हुनु भएका शीतलनिवास परिसर भित्रका, उपत्यका भित्रका, तथा उपत्यका वाहिरका विभिन्न औपचारिक समारोहको व्यवस्थापन | ६६ पटक |
| विभिन्न चाडपर्व र दिवसमा सम्माननीय राष्ट्रपतिको शुभकामना सन्देश तथा अन्य सन्देश तयारी तथा प्रेषण व्यवस्थापन : | १३ पटक |
| समसामयिक महत्वपूर्ण विषयका विज्ञप्तिहरु: | ३६ पटक |
| विधेयक प्रमाणीकरण व्यवस्थापन : | १ बटा |
| अध्यादेश जारी | - |
| सम्माननीय प्रधानमन्त्रीको कार्यभार तोक्नु भएको | १ पटक |
| राष्ट्रपतिको कार्यभार | - |
| सपथ ग्रहण समारोह व्यवस्थापन | ३ पटक, १४ जना |
| ओहोदाको प्रमाणपत्र पेश | २ पटक ८ जना |
| सम्माननीय राष्ट्रपति समक्ष विदेशी महानुभाव तथा कुटनीतिक व्यक्तित्वहरुको शिष्टाचार भेट तथा शिष्टाचार बिदाइ भेट समारोह व्यवस्थापन | १२ बटा |
| विभिन्न देशका लागि नेपाली राजदूतहरुको नियुक्ति: | ९ जना |
| वार्षिक प्रतिवेदन ग्रहण: | ९ |
| संघीयका संसद अधिबेसन आह्वान, अन्त्य, र सम्वोधन: | १ पटक |
| विभुषण प्रदान | - |

**१०. राष्ट्रपतिको कार्यालयका सचिव, प्रवक्ता र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर :**

| क.सं. | नामथर | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|
| १. | श्री डा हरि पौडेल | सचिव | ९८४१५१००८१ | Paudel68@yahoo.com |
| २. | श्री हरि प्रसाद दाहाल | प्रवक्ता | ९८५४०३०९९० | hsdahal2@gmail.com |
| ३ | श्री केशव प्रसाद घिमिरे | सहायक प्रवक्ता | ९८४१४४०९८३ | Keshabpd_ghimire@yahoo.com |
| ४ | श्री प्रल्हादप्रसाद पुडासैनी | सूचना अधिकारी | ९८४१४०५४७५ | pppudasaini@yahoo.com |

**११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सूची** : यस कार्यालयको नियमित कार्यसम्पादनका लागि आकर्षित हुने मुख्य कानूनी तथा नीतिगत प्रावधान देहाय बमोजिम उल्लेख गरिएका छन् :-

- नेपालको संविधान, २०७२
- केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०६३
- सैनिक ऐन, २०६३
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- निजामती सेवा ऐन, २०४९
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- सार्वजनिक खरिद ऐन, २०६३
- आर्थिक कार्यविधि ऐन, २०५५
- करार ऐन, २०५६
- विभूषण ऐन, २०६४
- कारागार ऐन, २०१९
- सुशासन नियमावली, २०६५
- सुचनाको हक सम्बन्धी नियमावली, २०६५
- निजामति सेवा नियमावली, २०५०
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०५६
- विभुषण नियमावली, २०६५
- कारागार नियमावली, २०२०
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४
- नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४
- संविधान सभा नियमावली, २०७०

- व्यवस्थापिका- संसद नियमावली, २०७३
- सजाय माफी, मुल्तवी परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१
- सेवा करार निर्देशिका,
- सरकारी निर्णय सरलीकरण निर्देशिका, २०६५,
- राजदुत नियुक्ति सम्वन्धी निर्देशिका,२०७५

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण** : यस कार्यालयको आर्थिक बर्ष २०७६/७७ को कार्तिक, मंसिर, पुस महिनामा प्राप्त निकासा तथा खर्च विवरण तपसिलमा उल्लेख गरिएको छ ।

| ब.उ.शि.न. | श्रोत | बार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १०१००१३ राष्ट्रपति (चालु खर्च) | नेपाल सरकार | ८१,००,०००/- | २,१९७,७०५/५५ | २,१९७,७०५/५५ | ५९,०२,२९४/४५ |
| १०१०११३ राष्ट्रपतिको कार्यालय (चालु खर्च) प्रशासनिक खर्च समेत | नेपाल सरकार | ११,११,००,०००/- | ५,९३,१४,६६१/९५ | ५,९३,१४,६६१/९५ | ५,१७,८५,३३८/०५ |
| १०१०११४ पूँजीगत खर्च | नेपाल सरकार | १३,३६,००,०००/- | ६२,६८,४७१/४१ | ६२,६८,४७१/४१ | १२,७३,३१,५२८/५९ |

**१३. तोकिए बमोजिमका अन्य विवरण:** यस कार्यालयको परिसरमा कार्यालयको आफ्नै भवन, सम्माननीयज्यूको निवास, सभा हल, अन्य भवनहरु र बगैचाहरु रहेका छन् ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन र सम्पन्न गरेको भए सो को विवरण :**

यस कार्यालयबाट आर्थिक बर्ष २०७६।७७ को पुस महिनासम्म सञ्चालन र सम्पन्न गरिएका मुख्य मुख्य कार्यक्रमहरु देहायबमोजिम उल्लेख गरिएको छ :-

- सम्माननीय राष्ट्रपतिको लागि निर्माणाधीन निवासको बहुवर्षीय कार्यक्रम अन्तर्गत निर्माण कार्य सम्पन्न भएको,
- निवास निर्माण अन्तर्गतको दोश्रो प्याकेजमा रहेका इलेक्ट्रिकल इन्स्ट्रुमेण्ट जडान, पानी प्रशोधन प्लाण्ट जडान,पानी ट्याङ्की, पर्खाल निर्माण,प्रवेशद्वार आदि निर्माण कार्यको लागि बहुवर्षीय ठेक्का सम्पन्न भएको ।
- कार्यालय परिसरमा बोरिङ्गको पानी प्रशोधन गन कार्य भैरहेको र ढल निकासका लागि आवश्यक पूर्वाधार सहित निर्माण कार्य सम्पन्न भएको ।
- करेसावारीको पर्खाल निर्माणाधिन अवस्थामा रहेको ।
- गार्डेनको पर्खाल, भित्री सडकको दाया बाया पर्खाल र स्टोन व्लक आदिमा रंगरोगन कार्य सम्पन्न भएको ।
- गार्डेनमा दुवो रोप्ने कार्य सम्पन भएको ।

**१५. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण** : यस कार्यालयको आफ्नै वेवसाइट र इमेल छ । www.presidentofnepal.gov.np मा गएर यस कार्यालयको सूचना र अन्य महत्वपूर्ण जानकारीहरु हेर्न सकिन्छ । यस कार्यालयको इमेल ठेगाना mail@presidentofnepal.gov.np छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण** : नभएको ।

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** यस कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धी सार्वजनिक सरोकारका सूचनाको वर्गीकरण हालसम्म नभएको ।

**१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण** : यस अवधिमा कुनै पनि लिखित निवेदन नपरेको तर मौखिकरुपमा जानकारी भने भईरहेको ।

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण** : यस कार्यालयको सूचना तथा जानकारीहरु कार्यालयको वेवसाइट मार्फत नियमित रुपमा सार्वजनिक गर्ने गरिएको, महत्वपूर्ण औपचारिक कार्यसम्पादन भएकोमा प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्ने गरिएको र यस कार्यालयबाट प्रकाशित हुने **शीतल निवास** बुलेटिनमार्फत् पनि आवश्यक जानकारी एवम् सूचनाहरु प्रकाशित हुने गरेको छ ।

**२०. राष्ट्रपतिको कार्यालयले आ.व. २०७६/७७ मा सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन देहायमा उल्लेख गरिएको छ :-**

- **सम्पन्न भएका कार्यहरुः**
  पार्किङ, निर्माण कार्य, Visitors Waiting Room and Security House निर्माण सम्पन्न भएको ।